2058
SAHAMATI

Good Neighbors International

**समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी**

**दुग्ध डेरी सम्बन्धि सामग्री खरिदका् लागि सिलबन्दी दर भाउ पत्र आह्वान**

# Terms of Reference (TOR)

**परिचय :**

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनलको प्राविधिक सहयोगमा सहमति संस्थाद्वारा सञ्चालित नवलपरासी बर्दघाट सुस्ता पूर्व र पश्चिम का १३ वडाहरु (मध्यविन्दु न.पा ६, ७, ८ र ९,सुस्ता गा.पा २ र ३, प्रतापपुर गा.पा ६ र ८, सरावल गा.पा ७, पाल्हिनन्दन गा.पा ६ र सुनवल न. पा २, ५ र ९) मा कृषकहरुको आयश्रोत बृद्धि गरी जीवनस्तर सुधार ल्याउनका लागि समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी अर्न्तगत २६ वटा स्थानीय द्वारा पहल गरिएको परियोजनाहरु संचालन भईरहेको छ । स्थानिय द्धारा पहल गरिएका परियोजनाहरु मूख्यतया चार वटा क्षेत्रहरु (व्यवसायिक कृषि उत्पादन, व्यवसायिक पशुजन्य उत्पादन, आर्थिक तथा भौतिक पूर्वधार विकास र युवा तथा महिला सीप विकास) मा केन्द्रित रहेका छन् ।

दुग्ध मूल्य श्रृखला परियोजना अर्न्तगत परियोजना सञ्चालित कार्यक्षेत्र (सुस्ता गा.पा-२ र ३, सुनवल न.पा-५, मध्यविन्दु न.पा ७, ८ र ९) मा दुग्ध डरी सम्बन्धि सामग्री तथा औजारहरु खरिद गरि सम्बन्धित पालिका कृषक, संकलन केन्द्र तथा सहकारी संस्थाहरुलाई सहयोग गर्ने लक्ष्य रहेकोमा नेपाल मै उत्पादित तथा अन्य मूलुकमा उत्पादित नेपालमा सप्लाईको आधिकारीक डिलरसीप तथा सप्लाई गर्ने अनुमति पाएका इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवाप्रदायकहरुले निम्न शर्तहरुको अधीनमा रहि तोकिएको म्याद भित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी ⁄ सावर्जनिक फर्म तथा संस्थाले यो बोलपत्रको लागि योग्य हुनेछ ।

२. अनुसूची १ मा भएका दुग्ध संकलन तथा प्रशोधन सामग्रीहरुको गुणस्तर, उपयोगिता र टिकाउँ सम्बन्धी विस्तृत विवरण, बिक्रि पछिको सेवातथा सुविधाहरु खुलाई प्रतिइकाई दररेट पेश गर्नुपर्ने छ ।

३. आपूर्तिकर्ताले उल्लेखित परियोजना कार्यक्षेत्र सम्म सामग्रीहरुको ढुवानी सेवा दिनुको साथै जडान र संचालन सम्बन्धि प्राबिधि ज्ञान सहकारीहरु लाई अभिमुखिकरण गर्नु पर्नेछ ।

४. कम्पनी/फर्म/अधिकृत बिक्रेताले मिति २०७८/०९/८ गते (December 23, 2021) बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएका बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

५. बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेका दिन उपरोक्त बमोजिमका समयमा नै बोलपत्रदर्ता गर्न सकिनेछ ।

६. बोलपत्र कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ, केरमेट भएको हुनु हुँदैन । कथम कदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

७. आवश्यक परेको खण्डमा कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नु भन्दा अगाडि संशोधन गर्न भन्न सकिनेछ ।

८. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेतासँग वार्षिक सम्झौता गरिनेछ ।

९. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

१०. **पेश गर्नुपर्ने आवश्यक कागजातहरू :**

क. विस्तृत र स्पष्ट रूपमा दररेट (उल्लेखित अनुसूचीमा उपलब्ध फारम नमूना अनुसार)

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्यअभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

ङ. आधिकारीक डिलरसिप लिएको प्रमाण पत्रको प्रतिलिपि

११ अनुमानित आवश्यक सामग्रीहरु र परिमाण

| S.N. | Name of Machinery | Unit | Number | Remarks |
|---|---|---|---|---|
| 1 | Chilling vat Compressor<br>Capacity: 3 ton<br>Body: Iron Built | No. | 2 | दर रेट कर्ताले दर रेट बुझाउदा |

| | | | | |
|---|---|---|---|---|
| | Voltage (380-420V AC, 50Hz) | | | मेशिनको वारेन्टी ग्यारेन्टी र क्याटलग बुझाउनु पर्न छ । |
| 2 | Milk Analyzer machine(Master Classic LM2) with ultrasonic stirrer (700V) With UPS Battery (power backup) + printer + backup | No | 2 | |
| 3 | Aluminum Milk cane (40 litter capacity) | No. | 10 | |
| 4 | Aluminum Milk cane (20 litter capacity) | No. | 10 | |
| 5 | De-Freeze (550 litter capacity) | No. | 2 | |
| 6 | Digital Weight Machine (100 Kg capacity) | No. | 3 | |
| 7 | Chaff Cutter with table 2Hp-3 Hp Indian Motor operated 3 Rolla & cutter, made by cast iron | No. | 28 | |

**नोट :** माथि उल्लेखित यन्त्रको संख्या आवश्यकता अनुसार थपघट हुन सक्ने छ । साथै दर रेट पेश गर्दा यन्त्रको क्याट लग वा फोटो उपलब्ध गराउनु पर्ने छ ।

१२. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

इच्छुक स्थानीयरराष्ट्रिय कम्पनी, फर्म तथा आपूर्तिकर्ताहरुले उपलब्ध गराउने सामग्रीहरुको दरभाउ खामको बाहिर “गार्मेन्ट तथा जुत्ता र चप्पल उद्यम प्रवर्द्धनका लागि आगश्यक सिलाई सामग्री खरिद” लेखि मिति २०७८/०९/०८ गते (December 23, 2021) बेलुका ५:०० बजे भित्र समावेशी ग्रामीण विकास परियोजना कार्यालय, शिवालय टोल वर्दघाट ४, नवलपरासी वा सहमतिको कार्यालय , गैंडाकोट न. पा वडा नं ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेशनल नेपालको केन्द्रिय कार्यालय एकान्तकुना ललितपुरमा सिधै वा हुलाक कुरियर मार्फत बझुाउन सकिनेछ । सामाग्रीहरुको विवरण र परिमाण TOR / Bidding documents सम्बन्धित संस्थाको वभे साइट http//www.sahamati.org/notice वा संस्थाको वेभसाइटः http://gninepal.org/work-with us/notice/ बाट प्राप्त गर्न सकिनेछ ।

सिलबन्दी दरभाउपत्र खोल्ने, मूल्याङकन तथा आपूर्तिकर्ता छनौट गर्ने सम्बन्धी सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित रहनेछ ।

**अनुसूची १**

**डेरी सम्बन्धि साग्रीहरुको दर रेट**

| क्र.स. | विवरण | ईकाई | विशिष्टता, ब्रान्ड, मोडेल नं., अपरेटिङ्ग प्रणाली, बिक्रि पछिको सेवा र वारेन्टी, ग्यारेन्टी उल्लेख गर्नुहोस | इकाई दर भ्याट सहित (रुपैयामा) | इकाई दर अक्षरमा ( भ्याट सहित) | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | Chilling vat Compressor<br>Capacity: 3 ton<br>Body: Iron Built<br>Voltage (380-420V AC, 50Hz) | १ थान | | | | |
| 2 | Milk Analyzer machine<br>With UPS Battery (power backup) + self-printing system + computer | १ थान | | | | |
| 3 | Aluminum Milk cane (40 litter capacity) | १ थान | | | | |
| 4 | Aluminum Milk cane (20 litter capacity) | १ थान | | | | |
| 5 | De-Freeze (550 l capacity) | १ थान | | | | |
| 6 | Digital Weight machine (100Kg capacity) | १ थान | | | | |
| 7 | Chaff Cutter with table 2Hp-3 Hp Indian Motor operated 3 Rolla & cutter, made by cast iron | १ थान | | | | |

..............................

नाम : पद: हस्ताक्षर :

छाप : सम्पर्क नं. मिति :